नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

### कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति २०८०/०६/१६ गते)

सूचना नं. - २

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सुर्खेतको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सूचीकृत भएका इच्छुक कृषि समूह/सहकारी/समिति/कृषि फर्महरु तथा प्राबिधिक शिक्षालयहरुले आवश्यक कागजात सहित परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची १० बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८०/०७/१५ गते) भित्रमा यस परियोजना कार्यान्वयन एकाइ, सुर्खेतमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क स | जिल्ला | जोन | जोन लागू भएको कार्यक्षेत्र |
|---|---|---|---|
| १ | सुर्खेत | अदुवा/ वेसार | विरेन्द्रनगर नगरपालिका वडा नं. १४,१५ र १६, भेरीगंगा नगरपालिका वडा नं. १ देखि १३, लेकवेशी नगरपालिका वडा नं. १ देखि १०, गुर्भाकोट नगरपालिका वडा नं. १ देखि १४, चिङ्गाड गाउँपालिका वडा नं. १ देखि ६, सिम्ता गाउँपालिका वडा नं. १ देखि ९, वराहताल गाउँपालिका वडा नं. १ देखि १०, पञ्चपुरी नगरपालिका वडा नं. १ देखि ११ र चौकुने गाउँपालिका वडा नं १ देखि १० सम्म। |
| | | तरकारी | पञ्चपुरी नगरपालिका वडा नं. २,३,४,५,६,८ र ९<br>वराहताल गाउँपालिका वडा नं. ५,६ र ७<br>चौकुने गाउँपालिका वडा नं ७ र ८ |
| | | मकै | लेकवेशी नगरपालिकाको वडा नं १ देखि १० सम्म,<br>गुर्भाकोट नगरपालिकाको १,२,३,४,९,१०,११,१२,१३ र १४ |
| २ | दैलेख | सुन्तलाजात फलफुल | दुल्लु नगरपालिकाको वडा नं १ देखि १३ सम्म<br>भैरवी गाउँपालिकाको वडा नं ३ देखि ७ सम्म |
| | | आलु | डुङ्गेश्वर गाउँपालिकाको वडा नं २,३ र ५<br>गुराँस गाउँपालिकाको वडा नं ३ देखि ८ सम्म |
| | | बाखा | नारायण नगरपालिकाको वडा नं ४ र १०<br>भैरवी गाउँपालिकाको वडा नं ६ र ७<br>महाबु गाउँपालिकाको वडा नं ३ देखि ६ सम्म<br>चामुण्डा बिन्द्रासैनी नगरपालिकाको वडा नं १ देखि ३ सम्म |

**आबेदन माग गरिएका कार्यक्रमहरु:-**

| क. सं | स्वीकृत कार्यक्रम/क्रियाकलाप | एकाइ | परिमाण | बजेट (रु. लाख) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षालयसँगको साझेदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम | संख्या | ३ | १५ | व्यवसायिक योजना सहितको प्रस्ताव तथा कम्तिमा २५% लगानी गर्ने विद्यालयको प्रतिबद्धता पत्र र सहभागी हुने कृषि अध्ययनत बिद्यार्थीको विवरण पेश गर्नु पर्ने। परियोजनाबाट बढीमा ७५% सम्म अनुदान उपलब्ध गराइने। |

६/१६

नि. वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | संख्या | ३ | २४ | एकलबाली (बीउ उत्पादन, बहुवर्षिय बाली तथा नगदे बाली) को तोके बमोजिमको क्षेत्र एउटै चक्लामा हुने गरी खेती गरिनु पर्ने। क्रियाकलाप अनुसार परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम अनुदान उपलब्ध गराइने। |
| ३ | बीउ भण्डारण/प्रशोधन घर निर्माण | संख्या | १ | १४ | व्यावसायिक रुपमा बीउ उत्पादन, संकलन भण्डारण तथा बजारीकरणमा संलग्न संस्थाहरुले आबेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १५ | ३० | सिंचाइ कुलो निर्माण तथा मर्मत सम्भार, सिंचाइ पोखरी निर्माण, लिफ्ट सिंचाइ, सोलार सिंचाइ लगायतका सिंचाइ पूर्वाधार निर्माण गर्न इच्छुक संस्थाहरुले आवेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। **सुन्तलाजात फलफुल र आलु जोनमा** सूचिकृत संस्थाले आबदेन दिन सक्ने |
| ५ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २३ | ४६ | सिंचाइ कुलो निर्माण तथा मर्मत सम्भार, सिंचाइ पोखरी निर्माण, लिफ्ट सिंचाइ, सोलार सिंचाइ लगायतका सिंचाइ पूर्वाधार निर्माण गर्न इच्छुक संस्थाहरुले आवेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। **तरकारी, अदुवा बेसार र मकै जोनमा** सूचिकृत संस्थाले आबदेन दिन सक्ने |
| ६ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १० | सुन्तालाजात फलफुल, आलु जोन तर्फका खेतीमा आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने तथा ड्याङ्ग बनाउने मेसीन, झार गोड्ने मेसीन र अन्य आवश्यक उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| | **तरकारी जोन** | | | | |
| ७ | ५०% अनुदानमा तरकारी बीउ तथा उत्पाादन सामाग्री बितरण | पटक | १ | २ | खेती गर्न चाहेको तरकारीको जात र क्षेत्रफल र अन्य आवश्यक सामाग्री बिवरण खुलाएर आबेदन दिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ८ | तरकारी फलफुल चिस्यान घर (कुल बुट ) निर्माण सहयोग | संख्या | १ | ६ | तरकारी तथा फलफुल भण्डारणको लागि चिस्यान घर निर्माण गर्न इच्छुक संस्थाहरुले आबेदन गर्न सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| ९ | उन्नत प्रबिधि सहित क्षेत्र विस्तार | हेक्टर | २५ | ९ | क्लस्टरमा हुने गरी बिभिन्न तरकारी खेती क्षेत्र विस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १० | प्लाष्टिक गुमोज भित्र तरकारी खेती प्रबर्द्धन सहयोग कार्यक्रम | संख्या | १४ | ३.५ | प्लाष्टिक गुमोज निर्माण गरी तरकारी खेती गर्न इच्छुक संस्थाहरुले आबेदन गर्न सक्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ११ | मल्चिङ्ग, थोपा सिंचाइ सहितको ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम (५ रोपानी माथि) | संख्या | ५ | १ | व्यावसायिक रुपमा ५ रोपनी भन्दा बढी जग्गामा क्लस्टरमा तरकारी खेती गर्नु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १२ | कृषि यान्त्रीकरण, साना कृषिजन्य औजार उपकरण तथा पोष्ट हार्भेष्ट उपकरण सहयोग | पटक | १ | ११ | तरकारी खेतीमा आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने तथा ड्याङ्ग बनाउने मेसीन, झार गोड्ने मेसीन र अन्य आवश्यक उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १३ | कृषि उपज संकलन केन्द्र निर्माण (कृषक समुह तथा सहकारी मार्फत) | संख्या | १ | ५ | तरकारी उत्पादन, संकलन तथा बजारीकरणमा सलग्न कृषक समुह तथा सहकारीले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% |

इमेल : pmamp.piu.surkhet@gmail.com

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सम्म अनुदान उपलब्ध गराइने। |
| १४ | स्थायी प्लाष्टिक घर निर्माण | संख्या | ३२ | ३२ | स्थायी प्लाष्टिक घर निर्माण गरी खेती गर्न इच्छुक संस्थाहरुले आबेदन गर्न सक्ने। क्लष्टरमा प्लाष्टिक घर निर्माण गर्ने सोचका आबेदनलाइ प्राथमिकता दिइने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| | मकै जोन | | | | |
| १५ | ५०% अनुदानमा उन्नत मकै बीउ बितरण | हेक्टर | ४० | १.४ | क्लस्टरमा हुने गरी मकै क्षेत्र बिस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १६ | स्वदेशी हाइब्रिड मकै क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ४० | ८ | क्लस्टरमा हुने गरी स्वदेशी हाइब्रिड मकै क्षेत्र विस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १७ | बीज बृद्धि कार्यक्रम (बाली विकास कार्यक्रम) | हेक्टर | १५ | ४.५ | बिज बृद्धि कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले निबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १८ | कृषि यान्त्रीकरण, साना कृषिजन्य औजार उपकरण तथा पोष्ट हार्भेष्ट उपकरण सहयोग | पटक | १ | ८ | मकै खेतीमा आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, मकै भाँच्ने, छोडाउने वा अन्य आवश्यक मेशिन उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| | अदुवा / बेसार जोन | | | | |
| १९ | Agroforestry(फलफूल बगैचा भित्र) अदुवा/वेसार उत्पादन कार्यक्रम | संख्या | ६ | ६ | कम्तिमा ७ रोपनी बगैंचा क्षेत्रभित्र अदुवा/वेसार उत्पादन कार्यक्रम गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २० | शुन्य शक्ति भण्डारण निर्माण | संख्या | २ | ४ | अदुवा बेसार सकलन तथा भण्डारणमा संलग्न संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| २१ | कृषि यान्त्रीकरण, साना कृषिजन्य औजार उपकरण तथा पोष्ट हार्भेष्ट उपकरण सहयोग | पटक | १ | ८ | अदुवा/बेसार खेती गरेको विवरण खुलाई आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने, ड्याङ्ग बनाउने वा अन्य आवश्यक मेशिन उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २२ | कृषि उपज संकलन केन्द्र निर्माण सहयोग | संख्या | २ | ८ | अदुवा बेसार सकलन तथा बजारीकरणमा संलग्न संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| २३ | प्राथमिक प्रशोधनका लागि अदुवा/बेसार धुने तथा भण्डारण टहरा निर्माण सहयोग | संख्या | १ | ८ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन, संकलन तथा बजारीकरण गरिरहेका इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| २४ | अदुवा/बेसार सुकाउनको लागि Green House Drying Unit स्थापना सहयोग | संख्या | १ | ७ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन वा संकलन गरि प्रशोधन व्यवसाय संचालनमा ल्याउन इच्छुक संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| | सुन्तालजात फलफूल जोन | | | | |
| २५ | सुन्तलाजात फलफूल जोन क्षेत्र विस्तार | हेक्टर | २० | १५ | क्लस्टरमा हुने गरी सुन्तलाजात फलफुलको क्षेत्र विस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २६ | नमुना बगैंचा स्थापना कार्यक्रम (थोपा सिंचाइ जडान सहित) | संख्या | ५ | ४ | ५ रोपनी भन्दा माथिका नमुना बगैंचा स्थापना गर्ने इच्छुक संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २७ | बगैचा सुदृदिकरण कार्यक्रम ( सुक्ष्मतत्व, निलोतुथो, चुना) | हेक्टर | १० | १० | बगैंचा व्यवस्थापन गरिने क्षेत्रफल, सञ्चालन गरिने क्रियाकलाप र सोको अनुमानित लागत अनुमान सहित इच्छुक संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |

६।१६

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | सुन्तला भण्डारणको लागि सेलार स्टोर निर्माण सहयोग | संख्या | १ | ५ | सुन्तला भण्डारणको लागि सेलार स्टोर निर्माण गर्न इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| २९ | सुन्तलाजात फलफूल नर्सरी स्क्रिन घर निर्माण/श्रोत केन्द्र स्थापना/सुदृढिकरण | संख्या | २ | ३ | सुन्तलाजात फलफूल नर्सरी स्क्रिन घर वा श्रोत केन्द्र स्थापना गर्न इच्छुक संस्थाले आवेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| | **आलु जोन** | | | | |
| ३० | आलु विकास (क्षेत्र विस्तार) | हेक्टर | २५ | २५ | क्लस्टरमा हुने गरी आलु खेती खेती क्षेत्र विस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ३१ | आलु बीउको श्रोतकेन्द्र बिकास | संख्या | १ | १० | आलु बीउको स्रोत केन्द्रको रुपमा रष्टिक स्टोर निर्माण गरिनु पर्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| | **बाखा जोन** | | | | |
| ३२ | लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम | संख्या | २० | ५ | उन्नत नश्लका बाखा/बोका खरिद। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ३३ | स्वच्छ मासु पसल स्थापना सहयोग कार्यक्रम | संख्या | १ | ५ | जोन क्षेत्रमा स्वच्छ मासु पसल स्थापना गरिनु पर्ने। परियोजनाबाट पसल भवन निर्माणमा बढीमा ८०% सम्म र अन्य सामाग्रीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ३४ | उन्नत प्रबिधिको बाखा खोर निर्माणका लागि अनुदान | संख्या | ३० | २१.६ | बाखा पालनमा संलग्न सस्थाले बाखा खोर निर्माणका लागि आवेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| ३५ | स्थानीय रुपमा पाइने बाखाका जातको श्रोत केन्द्र स्थापना | संख्या | १ | ५ | स्रोत केन्द्र भवन निर्माण गरी स्थानीय जातका स्रोत बाखा पालन गरिनु पर्ने। परियोजनाबाट भवन निर्माणमा बढीमा ८०% सम्म र अन्य सामाग्री तथा पशु नश्लमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |

**आबेदन साथ अनिबार्य पेश गर्नुपर्ने कागजातहरु**

(१) रु १० को हुलाक टिकट टाँसेको निबेदन र रितपूर्वक भरेको निर्धारित ढाँचाको प्रस्ताव माग फारम।
(२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।
(३) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
(४) आबेदक कृषि समूह/सहकारी/समिति/कृषि फर्महरुको स्थायी लेखा नम्बर र कर चुक्ता पत्र प्रमाणपत्र।
(५) प्रस्ताव गरिएका कार्यक्रमहरुको व्यावसायिक योजना।
(६) कार्यक्रम सञ्चालन हुने / पूर्वाधार निर्माण गरिने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात।
(७) जग्गा भाडामा लिएर खेती गरिने भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
(८) कृषक समुह/सहकारी संस्थाको हकमा प्रस्ताव पेश गर्ने सम्बन्धी आधिकारीक निर्णयको प्रतिलिपी।
(९) स्थानीय तहबाट लागत सहभागिता गरिने भएमा सम्बन्धित स्थानीय तहको जानकारी पत्र।

दैलेख जिल्लामा सञ्चालित जोन अन्तर्गतका कार्यक्रममा आवेदन पेश गर्न इच्छुक संस्थाहरुले जोन प्राबिधिक एकाइ, दुल्लुमा समेत कागजात पेश गर्न सकिनेछ। परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची १० बमोजिमको ढाँचाको आवेदन फारम प्राप्त गर्न तथा थप जानकारी आवश्यक भएमा निम्न ठेगानामा सम्पर्क गर्नु होला ।

**सम्पर्क ठेगाना**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, बिरेन्द्रनगर, सुर्खेत।
Website: piusurkhet.pmamp.gov.np
फोन नं ०८३-५२५३२४ (सुर्खेत)
०८९-४११०७८ (दैलेख)

६।१६

नि. वरिष्ठ कृषि अधिकृत